# आदिवासी जनजातिका अधिकार



नेपालमा सहभागितामूलक संविधान निर्माण
पुस्तिका शृङ्खला
६

संवैधानिक संवाद केन्द्र
CENTRE FOR CONSTITUTIONAL DIALOGUE

संवैधानिक संवाद केन्द्र

**प्रकाशक**

संवैधानिक संवाद केन्द्र

पहिलो संस्करण : २०६५ साल

प्रतिलिपि अधिकार © संवैधानिक संवाद केन्द्रमा सर्वाधिकार सुरक्षित छ। सामग्रीको स्रोतका रूपमा संवैधानिक संवाद केन्द्रप्रति साभार व्यक्त गरी गैरव्यावसायिक प्रयोजनका लागि यस पुस्तिकाका अंशहरू पुनःप्रकाशन र/वा अनुवाद गर्न सकिनेछ। ती पुनःप्रकाशन र/वा अनुवादको एक प्रति संवैधानिक संवाद केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ।

**साजसज्जा तथा मुद्रण**

प्रिन्ट प्वाइन्ट पब्लिसिङ, त्रिपुरेश्वर, काठमाडौं।

फोन : ४२४९६७४, ४२४९६७५



**थप जानकारी वा यस पुस्तिकाका लागि निम्नलिखित ठेगानामा सम्पर्क राख्नुहोला :**

संवैधानिक संवाद केन्द्र

तेस्रो तल्ला, अल्फा बेटा कम्प्लेक्स, नयाँ बानेश्वर, काठमाडौं

टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८

ई-मेल : info@ccd.org.np

वेबसाइट : www.ccd.org.np

# आदिवासी जनजातिका अधिकार

पुस्तिका शृङ्खला ६

आदिवासी जनजातिका अधिकार १

परिचय १

आधारभूत अवधारणा र परिभाषा २

नेपालका आदिवासी जनजाति ३

अन्तरराष्ट्रिय मापदण्डहरू ५

नेपालमा विद्यमान कानुनी तथा नीतिगत संयन्त्रहरू ६

निष्कर्ष ८

# आदिवासी जनजातिका अधिकार

## परिचय

नेपालमा अहिले आदिवासी जनजातिका अधिकारसम्बन्धी विषय अग्रस्थानमा आएको छ र विशेष गरी नयाँ संविधान लेखनका सन्दर्भमा यो गहन बहसको विषय भएको छ । यो बढ्दो रूपमा राजनीतिकृत मुद्दा भएको छ । नेपालको जनसङ्ख्याको स्वरूपमा जातीय विविधता उल्लेख्य रूपमा रहेको छ । कुल जनसङ्ख्याको लगभग एक तिहाइभन्दा बढी जनसङ्ख्या आदिवासी जनजाति रहेका छन् । साथै यहाँ बहिष्करण र सीमान्तीकरणको लामो इतिहास छ भने विभिन्न जातीय समूहबीच स्पष्ट  सामाजिक तथा आर्थिक भिन्नता छ ।

आदिवासी जनजातिसम्बन्धी प्राथमिक अन्तर्राष्ट्रिय कानुनी संयन्त्र अन्तर्राष्ट्रिय श्रम सङ्गठनको आदिवासी जनजातिसम्बन्धी महासन्धि (अन्तर्राष्ट्रिय श्रम सङ्गठन, नं १६९) अनुमोदन गर्ने विश्वका २० वटा देशमध्ये एउटा (र एसियाको एक मात्र) देश नेपाल हो । यसले सन् २००७ को सेप्टेम्बरमा उक्त महासन्धिको अनुमोदन गरेको थियो । यस्तै नेपालमा सन् २००२ यता आदिवासी जनजातिसम्बन्धी कानुन पनि सक्रिय रहेको छ । यी संयन्त्रले आदिवासी जनजातिका समूह तथा व्यक्तिहरूलाई महत्वपूर्ण अधिकारहरू प्रदान गरेका छन् । यी अधिकारमा आफ्ना संस्था, जनजीवन र आर्थिक विकाससम्बन्धी पक्षहरूमाथि नियन्त्रण कायम गर्न पाउने तथा आफ्नो पहिचान कायम राख्न र सोको विकास गर्न पाउनेसम्बन्धी अधिकारहरू समावेश छन् । त्यस्तै आदिवासी जनजातिसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र-२००७ अझ दूरगामी हुनुका साथै यसमा धेरै कुरा समेटिएका पनि छन् तर यो बाध्यकारी दस्तावेज भने होइन । यी दस्तावेज आदिवासी जनजातीय अधिकारको विकासका लागि मूल सन्दर्भ तथा पैरवी सामग्री भएका छन् ।

आदिवासी जनजातिका अधिकारसम्बन्धी बहसले समाजका धेरै तह र तप्कामा सबै वर्गको बृहद् सहभागिता, स्वशासन तथा सशक्तीकरणको विषयमा सर्वसाधारणको ध्यानाकर्षणसमेत गराएको छ । यहाँ बहस भनेको समग्र जनताको आकाङ्क्षासँग सन्तुलन कायम गरी मानव अधिकार र लोकतन्त्रको सामान्य सिद्धान्तका साथ एकीकृत, शासनीय तथा समृद्ध नेपालको स्थापना गर्ने लक्ष्यसहित नेपालका आदिवासी जनजातिको सम्भव भएसम्म वृहद् स्तरको स्वायत्ततालाई नयाँ संविधानले कसरी उत्कृष्ट रूपमा प्रत्याभूत गर्नुपर्दछ र के कस्ता संयन्त्रहरूबाट यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न सकिन्छ भन्ने रहेको छ ।

आदिवासी जनजातिका न्यायोचित आवश्यकता र आकाङ्क्षाहरूलाई समेट्ने चुनौती विश्वका धेरै देशहरूले सामना गरेका छन् । आदिवासी जनजातिहरू दशकौँ वा अझ शदियौँदेखि नै सीमान्तीकृत हुँदै आएका छन् । हालैका वर्षमा तिनीहरूको गम्भीर अवस्थाबारे विश्वव्यापी रूपमा थप चेतना विस्तार भएको छ । एकातिर विगतमा भएका अन्यायलाई उल्ट्याउन सकिँदैन भने

अर्कोतिर उनीहरूमाथि भएका अन्यायको क्षतिपूर्ति दिलाउने उपाय पत्ता लगाउनु चुनौतीका रूपमा रहेको छ । नेपालमा यस विषयमा संवैधानिक बहस भने थालनी भएको छ । संवैधानिक स्वरूप वा व्यवस्थामा रहने सीमाहरूका सम्बन्धमा पनि सचेत हुनुका अतिरिक्त संविधान आफैमा एउटा समाधान नभई तात्कालिक 'समाधान'तर्फ डोऱ्याउने एक पक्ष मात्र हुनसक्छ भन्ने कुरामा पनि सचेत हुनु आवश्यक छ ।

## आधारभूत अवधारणा र परिभाषा

आदिवासी जनजातिसम्बन्धी एउटा सर्वाधिक कठिन र विवादास्पद मुद्दा भनेको उनीहरूको परिभाषा हो । थुप्रै अधिकारहरू सामूहिक अधिकारका रूपमा रहेकाले यो विशेष रूपमा सान्दर्भिक छ । परिभाषामा ऐतिहासिक व्याख्या, मानवशास्त्रीय र सामाजिक पक्षहरू, कानुनी आधार (देश अनुसार फरक फरक) र सम्बन्धित समूहहरूका आफ्नै परिभाषा जस्ता पक्षहरू समावेश छन् ।

सामान्यत: आदिवासी जनजाति भन्ने शब्दले कुनै खास क्षेत्रका मौलिक बासिन्दा अर्थात् अहिलेका प्रभावशाली वा प्रभुत्व जमाइरहेका जातीय समूहहरू आउनु वा सम्बन्धित राज्य/क्षेत्रको सीमाना तय गरिनुभन्दा अघिदेखि उक्त स्थानमा बसोबास गरेका वा गर्दै आइरहेका बासिन्दालाई जनाउँछ । यस तथ्यलाई उपनिवेशको इतिहास बोकेका तथा ठूलो परिमाणमा जनसङ्ख्याको बसाइसराइ भएका अमेरिका र अष्ट्रेलिया जस्ता देशहरूका सन्दर्भमा स्थापित गर्न धेरै सजिलो हुन्छ । साथै यसले कुनै राज्यको शासन व्यवस्थाको प्रभावबाट मुक्त उष्ण सदाबहार वनक्षेत्र जस्ता स्थानमा स्वतन्त्र रूपमा वा एकाङ्गी रूपमा बस्दै आएका मानिसलाई पनि जनाउँछ । यसका थप मापदण्ड के पनि हुन् भने ती मानिसले आफ्नै छुट्टै मातृभाषा, सांस्कृतिक तथा सामाजिक/संस्थागत विशेषताहरूलाई कम्तीमा आंशिक मात्रामा भए पनि कायम राखेको हुनुपर्छ भने उनीहरू वरिपरि रहेका राज्यका जनसङ्ख्या र प्रभुत्व जमाइरहेको संस्कृतिभन्दा केही हदसम्म पृथक हुनुपर्दछ । अर्को महत्वपूर्ण पक्ष भनेको उनीहरूले आफूलाई आदिवासी जनजातिका रूपमा स्वपहिचान गरेको हुनुपर्छ वा/र अन्य समूहहरूले त्यसलाई स्वीकारेको हुनुपर्दछ ।

यस परिभाषामा केही समस्याजन्य पक्षहरू पनि छन् । माथि उल्लेखित सबै मापदण्ड पूरा भए पनि केही मानिस वा समूहले आफूलाई आदिवासी जनजातिका नठान्न सक्छन् वा सरकार, विभिन्न संस्था वा विद्वान्हरूले पनि त्यसो नठान्न सक्छन् । व्यक्तिगत वा एकल पहिचान सामूहिक पहिचानभन्दा बेग्लै हुनसक्छ । यसका अतिरिक्त, इतिहासको अभिलेखन थालिनुभन्दा पहिलेदेखि नै मानिसहरूले एक अर्काको भूमिमाथि आक्रमण गर्ने, त्यसलाई उपनिवेश बनाउने र त्यहाँ बसाइँ सर्ने गरेका छन्, त्यसैले आदिवासी र गैर आदिवासी, मौलिक बासिन्दा वा उपनिवेशकर्ताबीच भिन्नता छुट्याउनु विवेकमा भर पर्ने कुरा पनि हो । तथापि आदिवासी जनजातिको पहिचान तथा अधिकारसम्बन्धमा आज बृहद् चेतना रहेको पाइन्छ । यस चेतनाले समाजलाई मान्यताका लागि माग गर्न तथा बृहत्तर गौरवको अनुभूतितर्फ अग्रसर गराएको छ ।

अन्तरराष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ को परिभाषा अनुसार यसमा उल्लेखित अधिकार निम्नलिखितका हकमा लागू हुनेछ : (१) राष्ट्रिय समुदायका अन्य वर्गभन्दा बेग्लै सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्था भएका, र पूर्ण वा आंशिक रूपमा आफ्नै प्रथा वा परम्परा वा विशेष कानुन वा नियमद्वारा नियमन गरिएको हैसियत रहेका आदिवासी जनजाति; र (२) विजय वा औपनिवेशीकरण वा वर्तमान राज्य सीमाना निर्धारण गर्दाको समयमा उक्त क्षेत्रमा वंशपरम्परादेखि आदिवासीका रूपमा बसोबास गर्दै आएका मानिएका, र सम्पूर्ण वा आंशिक रूपमा आफ्ना सामाजिक, सांस्कृतिक, आर्थिक एवं राजनीतिक परम्परा कायम गर्दै आएका मानिसहरू । यसका अतिरिक्त, अन्तरराष्ट्रिय श्रम सङ्गठन महासन्धि नं. १६९ ले उक्त महासन्धिका व्यवस्थाले समेट्ने समूहको निर्धारणका लागि आदिवासीका रूपमा स्व-पहिचानलाई आधारभूत मापदण्ड (एकमात्र विशेष तत्वका रूपमा भने होइन) मानेको छ ।

## नेपालका आदिवासी जनजाति

राष्ट्रिय जनगणना-२०५८ का अनुसार नेपालको कुल जनसङ्ख्या (तत्कालीन समयमा दुई करोड २७ लाख लगत गरिएको तर हाल अनुमानित दुई करोड ८० लाख)को ३६.३१ प्रतिशत आदिवासी जनसङ्ख्या (आदिवासी जनजातिका रूपमा परिचित) छन् । नेपालको कुल ७५ जिल्लामध्ये २७ जिल्लामा आदिवासी जनसङ्ख्याको बाहुल्य छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन-२०५८ जारी गरी नेपालमा विभिन्न ५९ आदिवासी जनजातिको पहिचान गर्नुका साथै तिनीहरूलाई मान्यता प्रदान गरिएको छ । उक्त ऐनका अनुसार, "आदिवासी/जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई सम्झनुपर्दछ ।" तीमध्ये चार आदिवासी जनजाति (मगर, थारु, तामाङ र नेवार)को जनसङ्ख्या करिब १० लाखदेखि ३६ लाखको बीचमा, पाँच समुदायको जनसङ्ख्या एक लाखदेखि १० लाखको बीचमा छ भने कतिपय समुदायको जनसङ्ख्या एक हजारभन्दा कम पाइन्छ । यस ऐनको अनुसूचीमा ५९ आदिवासी जनजातिको नाम सूचिकृत गरिएको छ ।

### हिमाल

१. बाह्रगाउँले
२. भोटे
३. ब्यासी
४. छैरोतन
५. डोल्पो
६. लार्के
७. ल्होमी (सिङसाबा)
८. ल्होपा
९. मार्फाली थकाली
१०. मुगाली
११. सियार
१२. ताङबे
१३. थकाली
१४. थुदाम
१५. तीनगाउँले थकाली
१६. तोप्कोगोला
१७. शेर्पा
१८. वालुङ

## पहाड

१. बनकरिया
२. बराम
३. भुजेल/घर्ती
४. चेपाङ
५. छन्त्याल
६. दुरा
७. फ्री
८. गुरुङ
९.हायु
१०. ह्योल्मो
११. जिरेल
१२. कुसबाडिया
१३. कुसुण्डा
१४. लेप्चा
१५. लिम्बु
१६. मगः
१७. नेवाः
१८. पहरी
१९. राई
२०. सुनुवार
२१. सुरेल
२२. तामाङ
२३. थामि
२४. याक्खा

## भित्री मधेश

१. बोटे
२. दनुवार
३. दरै
४. कुमाल
५. माझी
६. राजी
७. राउटे

## तराई

१. धानुक
२. धिमाल
३. गनगाई
४. झाङ्गड
५. किसान सन्थाल
६. मेचे
७. राजवंशी (कोचे)
८. सतार/(राजवंशी)
९. ताजपुरिया
१०. थारु

राष्ट्रिय औसतको तुलनामा नेपालका बहुसङ्ख्यक आदिवासी जनजाति आर्थिक तथा अन्य मानव विकास सूचकाङ्कको परिप्रेक्ष्यमा पछाडि परिरहेका छन् । अनुमानित तथ्याङ्कका अनुसार आधाभन्दा बढी आदिवासी जनसङ्ख्या गरिबीको रेखामुनि छन् । संरचनात्मक विभेद, न्यून राजनैतिक प्रतिनिधित्व, शिक्षा, तालिम र रोजगारीका अवसर तथा सशक्तीकरणमा पहुँचको अभावले गर्दा आदिवासी जनताको गरिबी चिरस्थायी हुनुका साथै अझ गहिरिएको छ। राजनैतिक प्रतिनिधित्वका सन्दर्भमा आदिवासी जनजातिहरू दलितभन्दा माथि तर अन्य जातीय समूहभन्दा तल रहेको छ।

नेपालका आदिवासी जनजातिहरू मुख्य रूपमा ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् र प्राथमिक रूपमा परम्परागत कृषिमा संलग्न छन् । अहिले पनि नेपालका धेरै आदिवासी जनजातिले परम्परागत पेशा अँगालिरहेका छन् । अधिकांशतः परम्परागत कृषिमा संलग्न रहे पनि उत्पादन र पेशाका सन्दर्भमा यहाँका ५९ वटा आदिवासी जनजातिबीच व्यापक विविधता पाइन्छ । तिनीहरू शहरदेखि गाउँसम्म फैलिएका छन् भने कोही शिकारी तथा फिरन्ते जीवन बिताइरहेका छन् र परम्परागत स्वरूपका उत्पादनदेखि भारी बोक्ने, व्यापार गर्ने तथा गलैंचा बुन्ने कार्यमा पनि उनीहरूको संलग्नता पाइन्छ।

# अन्तरराष्ट्रिय मापदण्डहरू

आदिवासी जनजाति महासन्धि-१९८९ (नं. १६९)लाई २० राष्ट्रद्वारा अनुमोदन गरिसकिएको छ । यसले भूमि अधिकार, प्राकृतिक साधनस्रोतमा पहुँच, स्वास्थ्य, शिक्षा, व्यावसायिक प्रशिक्षण, रोजगारीका स्थितिहरू तथा सीमापार सम्पर्कलगायतका व्यापक विषय समेटेको छ । मूल अवधारणाहरू परामर्श, सहभागिता र स्वव्यवस्थापन हुन् । आदिवासी जनजातिहरूसँग सम्बन्धित निर्णय प्रक्रियाका सम्पूर्ण तहमा उनीहरूको पूर्ण सहभागिता भएको सुनिश्चित गर्ने तथा उनीहरूसँग परामर्श गर्ने सरकारको दायित्व यसले सिर्जना गरेको छ ।

यस महासन्धिका कतिपय प्रावधानले सरकारका लागि दायित्वहरू सिर्जना गरेका छन् भने आदिवासी जनजातिहरूका अधिकार सुरक्षित गरेका छन् । आदिवासी जनजातिका अधिकार संरक्षण गर्न तथा उनीहरूका निष्ठाप्रति सम्मानको प्रत्याभूति गर्न समन्वयात्मक र व्यवस्थित कदमको तर्जुमा सम्बन्धित जनताको सहभागिताबाट गर्ने जिम्मेवारी सरकारमाथि हुन्छ ।

आफ्नो जीवन, विश्वास, संस्था एवं आध्यात्मिक भलो तथा उनीहरूको स्वामित्वमा रहेका वा उनीहरूले अन्य किसिमबाट प्रयोग गर्दै आएका भूमिमाथि प्रभाव पार्ने विकास प्रक्रियासम्बन्धी निर्णय आफ्नै प्राथमिकता अनुसार गर्ने अधिकार आदिवासी जनजातिलाई हुन्छ । आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमाथि सम्भव भएसम्मको नियन्त्रण गर्ने अधिकार पनि उनीहरूलाई हुन्छ । यसका अतिरिक्त, उनीहरूलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने राष्ट्रिय तथा क्षेत्रीय विकास योजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन प्रक्रियामा सहभागी हुने अधिकार पनि उनीहरूलाई हुन्छ ।

सन् २००७ मा संयुक्त राष्ट्रसङ्घीय महासभाबाट आदिवासी जनजातिका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र पारित गरेर संयुक्त राष्ट्रसङ्घले विश्वभरिका आदिवासी जनजातिहरूको अधिकार प्रवर्धन तथा संरक्षण गर्नेसन्दर्भमा समग्रमा महत्वपूर्ण कदम चालेको छ । बाध्यकारी नभएको उक्त घोषणापत्र आदिवासी जनजातिहरूका व्यक्तिगत तथा सामूहिक अधिकारहरू उल्लेख गर्दै बढी उदार अन्तरराष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ भन्दा उल्लेख्य रूपमा अगाडि बढेको छ । घोषणापत्र तथा महासन्धि नं. १६९ का प्रावधानहरू एक आपसमा मेल खाने तथा सँगसँगै लागू गर्न सकिने खालका छन् । आफ्ना प्रावधानहरूको कार्यान्वयनका लागि सहयोग गर्नेसम्बन्धमा घोषणापत्रले संयुक्त राष्ट्रसङ्घीय निकायहरूको विशेष भूमिकाको व्यवस्था गरेको छ। विशेष गरी, यससन्दर्भमा अन्तरराष्ट्रिय श्रम सङ्गठनको महत्वपूर्ण भूमिका रहेको छ ।

अन्तरराष्ट्रिय श्रम सङ्गठनको महासन्धिले 'आत्मनिर्णय' शबद प्रयोग नगरेको भए पनि पछिल्लो संयुक्त राष्ट्रसङ्घीय महासभाको घोषणापत्र यससन्दर्भमा निकै स्पष्ट छ । यसको धारा ३ मा उल्लेख गरिएको छ - "आदिवासी जनजातिहरूलाई आत्मनिर्णयको अधिकार छ । उनीहरू आफ्ना राजनीतिक हैसियतको निर्धारण स्वतन्त्र रूप गर्दछन् र आफ्नो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि स्वतन्त्रतापूर्वक प्रयास गर्दछन् ।" घोषाणापत्रमा अगाडि लेखिए अनुसार संयुक्त

राष्ट्रसङ्घको बडापत्रविपरितका कुनै क्रियाकलापमा कोही पनि संलग्न हुनसक्ने अर्थ यसले बोकेको रूपमा यसको व्याख्या भने गर्न मिल्ने छैन । सार्वभौम तथा स्वतन्त्र राज्यहरूको क्षेत्रीय अखण्डता वा राजनीतिक एकतालाई विच्छिन्न पार्ने वा हानि पुऱ्याउने कुनै कार्य गर्ने अधिकार वा प्रोत्साहन यसले प्रदान नगर्ने कुरा यसमा सुस्पष्ट रूपमा उल्लेख गरिएको छ ।

## नेपालमा विद्यमान कानुनी तथा नीतिगत संयन्त्रहरू

हालैका वर्षमा नेपाली समाजको बहुजातीय एवं बहुसांस्कृतिक चरित्र तथा राजनीतिक स्थायित्व एवं सामाजिक प्रगतिका लागि यस विविधतालाई सम्मान गर्नुपर्ने आवश्यकताप्रतिको मान्यतामा वृद्धि हुन थालेको छ । सरकारले थुप्रै महत्वपूर्ण कानुनी तथा नीतिगत दस्तावेजमा आदिवासी जनजातिहरूका अधिकार तथा आवश्यकताहरूका विशेष सन्दर्भहरूलाई समावेश गरेको छ । यसका उदाहरणहरूका रूपमा संवैधानिक कानुन तथा विशेष कानुनका साथै सरकारका मुख्य योजना निर्माणसम्बन्धी दस्तावेजहरूमा गरिएका उल्लेखहरूलाई लिन सकिन्छ ।

नवौं पञ्चवर्षीय योजना (वि.सं. २०४८ - वि.सं. २०५३) देखि नेपाल सरकारले आदिवासी जनजातिहरूको उपस्थितिलाई पूर्ण रूपमा मान्यता प्रदान गर्न थालेको देखिन्छ । त्यसपछिका योजनाहरूमा आदिवासी जनजातिहरूको सर्वतोमुखी विकास तथा उत्थानका लागि सरकारले बढ्दो मात्रामा प्रतिबद्धताहरू समावेश गर्दै लान थाल्यो । मुख्यतया थारु आदिवासीहरूलाई प्रभावित गरिरहेको कमैया प्रथालाई सरकारले २०५७ साल साउन २ गते उन्मूलन गऱ्यो । स्थानीय स्वायत्त शासन ऐन-२०५५ ले निर्वाचित स्थानीय निकायहरूमा आदिवासी जनजातिहरूका लागि विशेष आरक्षणको व्यवस्था गऱ्यो । अन्य क्षेत्रका तुलनामा स्थानीय निकायहरूमा आदिवासी जनजातिहरूको प्रतिनिधित्व उल्लेख्य रूपमा उच्च (२९ प्रतिशत) रहेको थियो (तर स्थानीय निकायहरूलाई २०५९ साल असार ३१ गते विघटन गरिएको थियो) ।

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको स्थापना २०५८ सालमा भयो । आदिवासी जनजातिहरूको उत्थान तथा सशक्तीकरण गर्ने उद्देश्यसहित स्थापना गरिएको आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान एउटा स्वायत्त सरकारी निकाय हो । ७५ वटै जिल्लामा आदिवासी/जनजातिसम्बन्धी कार्यक्रमहरूको अनुगमन गर्नका लागि जिल्लास्तरीय एकाइहरू स्थापना गर्नमा यसका क्रियाकलाप केन्द्रित छन् । ती एकाइले जिल्ला विकास समितिसँगको निकट सहयोगमा काम गर्नुपर्थ्यो तर ती निकाय २०५९ सालदेखि नै निस्क्रिय भइसकेको कुरा माथि नै उल्लेख गरिसकिएको छ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका निम्नलिखित उद्देश्यहरू छन् :

» कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गरी आदिवासी/जनजातिको सर्वाङ्गीण विकासलाई प्रवर्धन गर्ने,
» आदिवासी जनजातिका भाषा, लिपि, संस्कृति, साहित्य, कला तथा इतिहासलाई संरक्षण र प्रवर्धन गर्ने,

» आदिवासी जनजातिका परम्परागत ज्ञान, सीप तथा प्रविधिलाई संरक्षण र प्रवर्धन गर्ने,
» विभिन्न आदिवासी/जनजातिक, जातजाति तथा सम्प्रदायबीच सुमधुर सम्बन्ध, सद्भाव र सामञ्जस्य कायम गरी मुलुकको समष्टिगत विकासको मूल प्रवाहमा आदिवासी जनजातिको सहभागितालाई प्रवर्धन गर्ने ।

हालैका वर्षमा कैयौँ गैसस तथा पैरवी समूह पनि देखापरेका छन् । ५९ वटा आदिवासी जनजातिको प्रतिनिधित्व गर्ने छाता सङ्गठन नेपाल जनजाति महासङ्घ आदिवासी समुदायहरूको उत्थान तथा सशक्तीकरणको दिशामा क्रियाशील रहेको छ ।

द्वन्द्वको पटाक्षेप तथा २०६३ साल वैशाखमा दोस्रो जन-आन्दोलनको सफलतापछि यो प्रक्रिया थप सशक्त बन्यो । अन्तरराष्ट्रिय श्रम सङ्गठनको महासन्धि नं. १६९ (सन् २००७ सेप्टेम्बरमा अनुमोदित) का अतिरिक्त नेपालले आदिवासी समुदायहरू तथा तिनीहरूका सदस्यहरूका अधिकार संरक्षण गर्ने अन्य केही अन्तरराष्ट्रिय संयन्त्र पनि अनुमोदन गऱ्यो । नेपाल सन्धि ऐन-२०४७ को धारा ९ का अनुसार सन्धिहरूका प्रावधानहरू नेपालमा कानुन जत्तिकै बाध्यकारी छन् । अनुमोदन गरिएको सन्धिका प्रावधानहरू आन्तरिक कानुनका प्रावधानसँग बाझिएमा बाझिएको हदसम्म आन्तरिक कानुन बदर भएको मानिन्छ । उपरोक्त व्यवस्था अनुसार सन्धिका प्रावधान नेपालको कानुनकै रूपमा लागू हुन्छ ।

ती प्रगति संवैधानिक तहमा पनि प्रतिविम्बित भएका छन् र सोही क्रममा यसले अन्तरिम संविधान तथा हाल संविधानसभा सञ्चालनका आधारभूत सिद्धान्तहरूमा पनि प्रवेश पाएको छ । २०४७ सालको संविधानमा नेपाललाई बहुजातीय, बहुभाषिक तथा वहुसांस्कृतिक देशका रूपमा घोषणा गरिएको थियो तर अझै पनि कतिपय संवैधानिक प्रावधान (हिन्दू अधिराज्य, सरकारी भाषाका रूपमा नेपाली) लाई आदिवासी जनजातिविरुद्ध विभेदकारी रूपमा लिइएको थियो भने कार्यान्वयन संयन्त्र तथा राज्यको दायित्व सुनिश्चित गरिएको थिएन ।

नेपालको अन्तरिम संविधान-२०६३ ले आदिवासी/जनजातिको अधिकारका सन्दर्भमा विगतका तुलनामा निकै उदार व्यवस्था गरेको छ । कतिपय आदिवासी समूहको लामो समयदेखिको मागलाई पूरा गर्दै नेपाललाई धर्मनिरपेक्ष गणराज्यका रूपमा घोषणा गर्नुका अतिरिक्त यसले राज्यको सम्पूर्ण संरचनामै समानुपातिक समावेशी नीति पनि अपनाएको छ । मौलिक हकसम्बन्धी भागको धारा २१ मा सामाजिक न्यायको हकलाई समेटिएको छ र यसले आदिवासी जनजाति तथा अन्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका संरचनामा सहभागी हुने हक प्रदान गरेको छ । राज्यको दायित्व, निर्देशक सिद्धान्तहरू तथा नीतिहरूसम्बन्धी भागमा मुलुकको राज्य संरचनाका सबै अङ्गमा आदिवासी जनजाति तथा अन्य सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने राज्यको दायित्व (धारा ३३ (घ १) र शिक्षा, स्वास्थ्य, आवास, खाद्यसम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी आर्थिक तथा सामाजिक रूपले पिछडिएका आदिवासी जनजातिको उत्थान गर्ने नीतिका साथै सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने नीति उल्लेख गरिएको छ (धारा ३५ (१०), (१४)) । यसैगरी, धारा १४४ (४क) मा सेनामा आदिवासी जनजाति तथा अन्यको प्रवेशलाई समानता र समावेशी सिद्धान्तका आधारमा कानुनमा व्यवस्था गरी सुनिश्चित गरिने व्यवस्था गरिएको छ ।

संविधानसभा आफै पनि आदिवासी जनजातिको पूर्ण प्रतिनिधित्व प्राप्तिका आधारमा गठन गरिएको छ । राजनैतिक दलहरूले उम्मेदवार चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्ने र राजनैतिक दलहरूले उम्मेदवारहरू सूचिकृत गर्दा निर्वाचन कानुनमा व्यवस्था भए बमोजिम आदिवासी जनजाति तथा अन्यको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने व्यवस्था अन्तरिम संविधानले गरेको छ (धारा ६३) । मन्त्रिपरिषद्ले निर्वाचित नभएका २६ जना सभासद्को मनोनयन गर्दा निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका आदिवासी जनजातिमध्येबाट मनोनयन गर्नुपर्ने कर्तव्य पनि सिर्जना गरिएको छ । परिणामस्वरूप संविधानसभाका ६०१ जना सदस्यमध्ये यसको सभामुखलगायत करिब २१८ जना आदिवासी जनजातिबाट परेका छन् ।

अन्तरिम संविधानले नयाँ संविधानको मसौदा तयार गर्दा संविधानसभाले पालना गर्नुपर्ने केही आधारभूत सिद्धान्तहरू पनि निर्धारण गरेको छ । यसले आदिवासी जनजातिहरू तथा अन्यको स्वायत्त प्रदेशको चाहनालाई स्वीकार गर्दै नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रूपमा घोषणा गरेको छ । अन्तरिम संविधानले अगाडि उल्लेख गरे अनुसार नेपालको सार्वभौमिकता, एकता र अखण्डतालाई अक्षुण्ण राख्दै स्वायत्त प्रदेशहरूको सीमा, सङ्ख्या, नाम र स्वायत्त प्रान्तहरूको संरचनाका अतिरिक्त अधिकार र साधनस्रोतको बाँडफाँड संविधानसभाबाट गरिनेछ (धारा १३८ (१क) ।

## निष्कर्ष

नयाँ संविधानको मस्यौदा तयार गर्ने क्रममा आदिवासी जनजातिहरूका अधिकार सुनिश्चित गर्नका लागि व्यापक छलफल हुनु आवश्यक छ । अन्तरराष्ट्रिय मानव अधिकार कानुन तथा अन्य सान्दर्भिक अन्तरराष्ट्रिय मापदण्डहरूबाट उत्प्रेरणा लिनु पनि उत्तिकै महत्वपूर्ण छ । संविधानमा उल्लेख भए अनुसार व्यवहारमै अधिकार उपभोग गर्न आदिवासी जनजातिहरू सशक्त हुनसक्ने उपयुक्त संयन्त्रका लागि संवैधानिक प्रावधानको व्यवस्था गर्नका लागि निरन्तर प्रयाससम्बन्धी आवश्यकता सबैभन्दा महत्वपूर्ण पक्ष हो । उदाहरणका लागि, नयाँ संविधानले निश्चित अधिकारहरू स्थापित गर्नुका अतिरिक्त तिनीहरूको कार्यान्वयनसम्बन्धमा निगरानी गर्ने जिम्मेवारीसहितको एउटा विशेष निकायको व्यवस्था पनि गर्नसक्छ । केही राष्ट्रले आफ्ना आदिवासी समुदायहरूलाई संविधानको अनुसूचीमै सूचिकृत गर्ने पनि गरेका छन् (उदाहरणका लागि, भारतको 'सूचिकृत आदिवासीहरू') ।

कुनै पनि अवस्थामा, आदिवासी समूहहरूका सम्भावित सम्पूर्ण गुनासाको समाधान तथा उनीहरूको सम्पूर्ण आकाङ्क्षाको सम्बोधन संविधान आफैले गर्ला भन्ने आशा गर्नु भने हुँदैन । आदिवासी जनजातिहरूका अधिकारप्रतिको प्रतिबद्धता संविधानमा मात्र सीमित नभएर त्यसको कार्यान्वयन सुनिश्चित गर्नका लागि कानुनहरू, नीतिहरू तथा उपयुक्त सरकारी आर्थिक सहयोग उपलब्ध कार्यक्रमहरूमा पनि विस्तारित हुनु आवश्यक छ । साझेदारी तथा सहयोगका माध्यमबाट मतभिन्नताहरू सुल्झाउनका लागि उपायहरू फेला पार्न सकिएमा मात्रै राज्य तथा आदिवासी जनजातिहरूबीच दिगो, सन्तुलित तथा सिर्जनशील सम्बन्ध विकास हुनसक्छ ।

# पुस्तिका-शृङ्खलाबारे

संविधानसभाका सदस्यहरू तथा इच्छुक सर्वसाधारणलाई संविधान निर्माण प्रक्रियासम्बन्धी आधारभूत जानकारी उपलब्ध गराउनु नै यस पुस्तिका-शृङ्खलाको उद्देश्य हो । यी प्रकाशनहरू संवैधानिक परिणामबारे कुनै पनि किसिमबाट पूर्वानुमान गर्ने अवधारणापत्र वा प्रस्ताव वा मनसाय होइनन् । यो शृङ्खला संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को 'नेपालमा सहभागितामूलक संविधान निर्माणका लागि सहयोग' (एसपीसीबीएन) परियोजनाको समन्वयमा नेपाली तथा अन्तर्राष्ट्रिय संविधानविद्हरूको सामूहिक प्रयासको प्रतिफल हो ।

यी पुस्तिकाहरूलाई अझै परिस्कृत बनाउन प्रतिक्रिया तथा टिप्पणीका लागि विशेष अनुरोध छ । बढीभन्दा बढी सुसूचित, प्रतिबद्ध र रचनात्मक छलफललाई प्रोत्साहित गर्न यी प्रकाशनहरू सफल भएमा नै अपेक्षित उद्देश्य हासिल हुनेछ । प्राप्त टिप्पणीहरूका आधारमा यी पुस्तिकाहरूका नयाँ तथा अतिरिक्त संस्करणहरू तयार गर्न सकिनेछ ।

यो शृङ्खलालाई नेपालका केही प्रमुख राष्ट्रभाषाहरूमा अनुवाद गर्ने क्रममा उच्च गुणस्तर कायम राख्ने तथा सम्बन्धित भाषाका बहुसङ्ख्यकले बुझ्ने सही शब्दावली प्रयोग गर्ने हरसम्भव प्रयास गरिएको छ । शब्दावलीको उपयुक्त तथा सही प्रयोगबारे विभिन्न भाषिक समुदायहरूबीच भविष्यमा छलफल तथा बहसहरू हुने अपेक्षा गर्न सकिन्छ । संवैधानिक संवाद केन्द्रको उद्देश्य त्यस्ता बहसहरूलाई कुनै पनि प्रकारले छायाँमा पार्नु नभई ती भाषाहरूलाई पनि समावेश गरेर यस प्रयासमा समावेशिता र पहुँचको अधिकतम वृद्धि गर्नु हो ।

देशमा संविधान निर्माणसँग सान्दर्भिक विषयवस्तुबारे संवैधानिक संवाद केन्द्रले तयार गर्न लागेको शृङ्खलावद्ध पाठ्यसामाग्रीहरूको एउटा अंश यो पुस्तिका हो ।

सभासद्हरूका साथै यस विषयवस्तुमा चासो राख्ने सर्वसाधारणलाई प्रमुख संवैधानिक अवधारणा तथा मुद्दाहरूमा सरिक गराउनु यस शृङ्खलाबद्ध प्रकाशनको उद्देश्य हो । शृङ्खला अन्तर्गतका प्रत्येक पुस्तिका नेपालमा बोलिने प्रमुख भाषाहरू (नेपाली, मैथिली, भोजपुरी, थारु, मगर, तामाङ्ग, नेवार) र अङ्ग्रेजी भाषामा उपलब्ध छ । यी पाठ्यसामग्रीहरूका श्रव्य संस्करण (क्यासेट, डीभीडी) पनि उपलब्ध हुनुका साथै यिनीहरूलाई अनलाइनमा पनि राखिएको छ ।

पहिलो चरणमा यस प्रकाशन शृङ्खलामा समेटिने विषयवस्तुहरू यसप्रकार छन् : राज्य र धर्म, सङ्घीय प्रणाली, संविधानमा मानव अधिकार, आदिवासी जनजातिका अधिकार, अल्पसङ्ख्यकहरूका अधिकार, सरकारका प्रणालीहरू, स्वतन्त्र न्यायपालिका, स्थानीय स्वशासन, विविधता र सामाजिक समावेशीकरण र सहभागितामूलक संविधान निर्माण प्रक्रिया ।

**संवैधानिक संवाद केन्द्र**
तेस्रो तल्ला, अल्फा बेटा कम्प्लेक्स, नयाँ वानेश्वर, काठमाडौं
टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८
ई-मेल : **info@ccd.org.np**
वेबसाइट : **www.ccd.org.np**

